**Please support, join & enjoy! Nepali Cultural event!**

# 4th INAS European Regional Meeting

## 4th INAS European Nepali Single Dance Competition

## 1st European Nepali Single Singing Competition

14th – 15th May, 2016

Basel, Switzerland

---




## Program Time/Date/Venue:

### 4th INAS European Regional Meeting

16:00 O' clock, 14th May, 2016

Treffpunkt Hall, Kleinhüningeranlage 39, 4057 Basel

### 4th INAS European Nepali Single Dance & 1st European Nepali Singing Competition:

13:00 O' clock, 15th May, 2016

UNION Klybeckstrasse 5, 4007 Basel

**Entry fee:** CHF 25/ Euro 20, including one dinner & soft drinks on 15th May 2016

---

## Organizers:

International Nepalese Artist Society, Switzerland & International Nepalese Artist Society, Europe

(in coordination & Cooperation with INAS – Belgium, Czech Republic, Denmark, Finland, Germany, Italy, The Netherlands, Poland, Spain & UK)

# हार्दिक निमन्त्रणा

---

नेपाली दाजुभाई तथा दिदिबहिनीहरु, नेपाली कलाकार, स्रष्टा, पत्रकार, संघ-संस्थाका प्रतिनिधि ज्युहरु, महिला तथा सज्जनबृन्द,

अन्तर्राष्ट्रिय नेपाली कलाकार समाज को चौथो युरोपेली क्षेत्रिय बैठक, चौंथो ईनास युरोपेली एकल नेपाली नृत्य र प्रथम युरोपेली एकल नेपाली गायन प्रतियोगिता आगामी १४-१५ मे २०१६ मा स्विजरल्याण्डको बहुसांस्कृतिक एवं सुन्दर शहर बासेलमा आयोजना हुँदैछ। ईनासको युरोपेली नृत्य प्रतियोगिता युरोपको प्रबासी नेपाली समाजमा नेपाली कलाको प्रयोग र संबर्धनमा एक कोषेढुंगो साबित भएकोमा हामी हर्षित छौं। हरेक बर्ष प्रतियोगितामा उत्साह र उमंगका साथ प्रतियोगीहरुको संख्यातमक सहभागिता रहने गरेको छ। सदाझैं यसपालि पनि नृत्य र गायन प्रतियोगिताका प्रतिस्पर्धिहरुले गुणस्तरीय, सनसनीपूर्ण र मनोरञ्जनात्मक सांस्कृतिक कोशेलिहरु प्रस्तुत गरी दर्शकदिर्घालाई भरपुर मनोरन्जन गराउने छन्। सदाझैं कार्यक्रम आयोजनाका लागि युरोप क्षेत्रका नेपाली कुटनीतिक नियोगहरु, गैर-आवासीय नेपाली संघ, युरोप क्षेत्र र अन्य संघ-संस्थाहरु संग सहकार्य र समन्वय गरिने छ।

कार्यक्रममा  जर्मनी, बेल्जियम, फ्रान्स, युके,  नेदरल्याण्ड्स, स्पेन, इटाली, पोर्चुगल, पोल्याण्ड, डेनमार्क, स्विजरल्याण्ड, स्वीडेन, नर्बे र चेख रिपब्लिक लगायतका युरोपेली देशका नेपाली कलाकार, साहित्यकार, पत्रकार, विभिन्न नेपाली संघ-संस्थाका प्रतिनिधी एवं ब्यक्तित्वहरु र युरोप क्षेत्रका कुटनैतिक निकायका पदाधिकारीज्यूहरु को गरिमामय सहभागिता रहनेछ। कार्यक्रममा स्विटजरल्याण्ड र युरोप क्षेत्रका ब्यक्तित्वहरुको उल्लेख्य सहभागिता रहने अपेक्षा गरिएको छ।

जर्मनी, फ्रान्स र स्विटजरल्याण्डको त्रिदेशिय सिमामा पर्ने बासेल शहर युरोपको आकर्षक राईन नदिको किनारमा अवस्थित छ। बासेल स्विटजरल्याण्डको सबैभन्दा सानो, तर सबैभन्दा बढि जनघनत्व भएको कान्टोन हो। कार्यक्रमको समापन पश्चात ईच्छुक सहभागीहरुका लागि १६ मार्च २०१६ मा **"बासेल सिटी टुर"** को ब्यबस्था गरिएको सहर्ष जानकारी गराउँदछौं।

ईनास युरोप र ईनास स्विट्जरल्याण्ड तपाईंलाई स-परिवार यस चौंथो ईनास युरोपेली एकल नेपाली नृत्य र प्रथम युरोपेली एकल नेपाली गायन प्रतियोगितामा हार्दिक निमन्त्रणा गर्दछ। कार्यक्रम अबधिमा तपाईको बसाईंलाई मनोरन्जनात्मक, स्मरणीय र आरामदायी बानाउने हाम्रो प्रयास रहने छ। तपाईंको उपस्थितिले कार्यक्रमको गरिमा बढाउँदै प्रबासी नेपाली समाजमा नेपाली कला र संस्कृतिको प्रयोग र संबर्धनमा ठोस सहयोग पु-याउने हामीले विश्वास लिएका छौं।

स्वागतापेक्षी,

ईनास यूरोप र स्विटजरल्याण्डका तर्फबाट,

अर्जुन काफ्ले
संयोजक
ईनास, युरोप

डा. विनय श्रेष्ठ
सल्लाहकार, ईनास, स्विटजरल्याण्ड
आसिसि सदस्य, एनआरएनए

# कार्यक्रम आयोजना हुने शहरः बासेल

बासेल एक ऐतिहासिक एवं साँस्कृतिक महानगरी हो। यहाँ सर्वप्रथम मानविय बसाई आजभन्दा १३०००० बर्ष पहिला भएको मानिन्छ। बासेल शहर स्विटजरल्याण्डको सांस्कृतिक राजधानीका रुपमा चिनिन्छ। यहाँको अर्थतन्त्र स्विटजरल्याण्डकै सबैभन्दा गतिशील अर्थतन्त्र मानिन्छ। जर्मनी, फ्रान्स र स्विटजरल्याण्डको त्रिदेशिय सिमामा पर्ने बासेल शहर आकर्षक राईन नदिको किनारमा अवस्थित छ। बासेल स्विटजरल्याण्डको सबैभन्दा सानो, तर सबैभन्दा बढि जनघनत्व भएको कान्टोन हो। स्थानिय बासिन्दाहरु बासेल शिक्षा, प्रविधि, विज्ञान र खेलकुद आदिमा उटकृष्टता उत्पादन गर्ने क्षेत्र भएकोमा गर्व गर्दछन्। बिसौं शताब्दिमा चारजना नोबल पुरस्कार विजेताहरु बासेलमा बसोबास गर्दथे। विश्वप्रख्यात टेनिस खेलाडी रोजर फेडेरर बासलकै हुन्। **कार्यक्रमको समापन पश्चात ईच्छुक सहभागीहरुका लागि १६ मार्च २०१६ मा “बासेल सिटी टुर” को ब्यबस्था गरिएको हामी सहर्ष जानकारी गराउँदछौं।**



फोटो: बासेर शहरको एक दृष्य



फोटो: बासेलको पानी पार्क

# सहभागीहरुका लागि आवास ब्यबस्था

कार्यक्रम अबधिमा तपाईको बसाईंलाई मनोरन्जनात्मक, स्मरणीय र आरामदायी बनाउने हाम्रो प्रयास रहने छ। सार्वजनिक यातायात, आरादायीता, कार्यक्रम स्थलसंगको समिप्यता र किफायतिता जस्ता बिषयहरुलाई मध्यनजर गर्दै सहभागीहरुका लागि बासेल शहरको ईबिस होटलमा आवासको ब्यवस्था गरिएको छ। बासेलको विमानस्थलबाट होटल ईबिस बजेट १५ मिनेट र होटलबाट कार्यक्रम स्थल १० मिनेटमा पुगिन्छ। ईच्छुक ब्यक्तिहरुलाई यथासम्भव सिघ्र होटल रिजर्भेसनका लागि होटल रिजर्भेसन फारम भरी सन्तोष राई लाई raisantosh9@yahoo.com मा पठाउनु हुन हार्दिक अनुरोध गरिन्छ। **उक्त फारम यसैसाथ संलग्न गरिएको छ।**

तीन बेड भएको कोठामा सुत्नका लागि **प्रति ब्यक्ति प्रति रात ३२ स्विस फ्रयाङकस्** (लगभग २९.५० यूरो) लाग्ने छ। यसैभित्रबाट हरेकले सिटि क्षेत्रका सार्वजनिक यातायात **निशुल्क प्रयोग** गर्न पाउने गरी **एक सिटि टिकट** प्राप्त गर्ने छन्। **बिहानको नास्ता** गर्न चाहनेले **प्रति ब्यक्ति ११ स्विस फ्रयाङकस्** तिरी होटलमा अवस्थित रेष्टुरेन्टको सुबिधा लिन सक्नेछन्।





होटल ठेगाना: Ibis Budget Basel-City, Grosspeterstrasse 12, 4052 Basel



# यातायात

**ट्रेन स्टेसनबाट होटल:**
ट्रेनबाट कार्यक्रम आउनेहरुले बासेलको ट्रेन स्टेसन (Basel SBB) मा झरी ट्राम नम्बर १० वा ११ लिन सक्ने छन्। ट्राम नम्बर १० (Tram 10, Direction: Dornach) वा ११ (Tram 11, Direction: Aesch BL) लिने २-३ मिनेटमा पेटर-मेरियन (Peter-Merian) झरेर ५ मिनेट पैदल हिडेपछि होटल पुगिन्छ।




**बासेल विमानस्थलबाट होटल:**
विमानस्थलबाट बस नम्बर ५० लिई बासेल ट्रेन स्टेसनसम्म आई ट्राम नम्बर १० (Tram 10, Direction: Dornach) वा ११ (Tram 11, Direction: Aesch BL) लिने २-३ मिनेटमा पेटर-मेरियन (Peter-Merian) झरेर ५ मिनेट पैदल हिडेपछि होटल पुगिन्छ।




**होटलबाट १४ मे २०१६ को कार्यक्रम स्थल:**

होटलबाट ट्रेन स्टेसन आउने र ट्राम नम्बर ८ (Tram 8, Direction: Weil am Rhein) लिई क्लाईनहयुनिगरआनलागे (Kleinhünigeranlage) मा उत्रिने। ट्राम रोक्ने ठाउँको लगभग १०० मिटरमा कार्यक्रम स्थल।

**होटलबाट १५ मे २०१६ को कार्यक्रम स्थल:**

होटलबाट ट्रेन स्टेसन आउने र ट्राम नम्बर ८ (Tram 8, Direction: Weil am Rhein) लिई ब्ल्यसिरिङमा (Bläsiring) मा उत्रिने। ट्राम रोक्ने ठाउँकै अगाडि कार्यक्रम स्थल।




ट्रेन स्टेसन: होटल क्षेत्र: कार्यक्रम स्थल: